"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"
# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

NAMOBUDDHA MUNICIPALITY

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :
चलानी नं. :

मिति : २०७६/१२/२४

## हार्दिक अपिल ।

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/१२/२४ गते बसेको ६८ औं बैठकले स्वीकृत गरेको **नमोबुद्ध नगरपालिकाको राहत सामाग्री वितरण सम्बन्धि कार्यविधि, २०७६** बमोजिम कोरोना भाइरस (कोभिड-१९) को सम्भावित जोखिमका कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित वडा कार्यालयले तयार गरेको विशेष संरक्षण गर्नुपर्ने वर्ग, असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा मजदुरहरुको लगत तयार गरी प्राथमिकताका आधारमा राहत वितरण गर्न राहत सामग्री उपलब्ध गराउने प्रयोजनको लागि सहयोग गर्न इच्छुक संघ, संस्था, निकाय,समाजसेवी, बुद्धीजिवी, व्यक्तिहरुले स्वैच्छिक रुपमा जम्मा गर्न सकिने गरी चामल, दाल, नुन, तेल, साबुन, गेडागुडी, सरसफाईका सामग्री (सेनिटाइजर, मास्क) लगाएतका अन्य सुख्खा खानेकुरा जस्ता वस्तु यस नगरपालिकाले स्थापना गरेको फुड वैंकमा जम्मा गर्न वा नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोषको खाता नं. १५४०३०५०४९४०२ मा नगद जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ । नगरपालिकाको फुड वैंकमा खाद्यान्न सहयोग गर्दा गुणस्तरयुक्त बढिभन्दा बढि उपयोग म्याद भएका सामाग्रीहरु सहयोग गरिदिनुहुन अनुरोध छ ।

यस विषम परिस्थितिमा यहाँहरुको सहयोगले कोरोना भाइरस (कोभिड-१९) को सम्भावित जोखिमका कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित विशेष संरक्षण गर्नुपर्ने वर्ग, असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा मजदुरहरुको जीवनयापनमा ठुलो महत्व राख्ने हुँदा यहाँहरुको सहयोगको लागि नगरपालिका हार्दिक अपिल गर्दै कृतज्ञता ज्ञापन गर्दछ ।

**सम्पर्कको लागिः**

१) नगर प्रमुख श्री टी. पि शर्मा - ९८५१२५३६८०
२) नगर उप -प्रमुख श्री रामदेवी तामाङ - ९८५११५४२२२
३) नगर प्रवक्ता तथा वडा अध्यक्ष श्री संजिव ढकाल - ९८४१५०६२०१
४) श्री राजिव श्रेष्ठ - ९८५१०९६४९१
५) श्री जिवन कार्की - ९८४९८५८६२४
६) श्री श्याम प्रसाद खनाल - ९८५१११६८२१

**राहत सामग्री जम्मा गरिने स्थानः** नमोबुद्ध नगरपालिका को सभाहल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

..........................
(टंक प्रसाद शर्मा)
नगर प्रमुख